# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ १७ गते २०३१ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल राजपत्र भाग ३ संख्या ६ मिति ०३०।२।२६ मा प्रकाशित यस मन्त्रालयको खाद्य पदार्थको परिभाषा तथा गुणस्तरसम्बन्धी आदेशको दफा ०३.०१ को खण्ड (ख) लाई देहायबमोजिम संशोधन गर्ने गरी यो आदेश जारी गरेको छ ।

(ख) पानी, फलको बोक्राबाट निकालिएको रस (पील आयल), फलको सार (फ्रुट एसेन्स) खाने नून, एस्कर्बिक एसिड, भिटामिन सी, सिट्रीक एसिड र रङ्ग तथा परिरक्षी (प्रिजर्वेटिभ) ।

तैयारी रसमा सिट्रीक एसिडको हिसाबले अम्लता (एसिडिटी) कागति (लेमन) को रसमा ४ प्रतिशतमा नघटेको, लाईमको रसमा ५ प्रतिशतमा नघटेको र अन्य रसको हकमा ३.५ प्रतिशतमा नबढेको हुनुपर्दछ ।

आज्ञाले–

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको का. मु. सचिव

३५५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

800

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।